# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- २१**

मिति २०८०।१०।१८

## छलफल तथा निर्णय

निर्णयहरु :

१. भौतिक पुर्वाधार विकास मन्त्रालयबाट समितिमा प्राप्त भएका कार्यविधि र योजनाको विवरणसम्बन्धी कागजातहरु समितिका सदस्यलाई अध्ययन प्रयोजनका लागि वितरण गरियो ।

२. जनता आवासका नाममा प्रदेश सरकारले के कति रकम खर्च गर्‍यो? प्रदेशको कुन कुन स्थानमा उक्त कार्यक्रम सञ्चालनमा छन? कार्यक्रमको प्रगति के कस्तो अवस्थामा रहेको छ? उक्त कार्यक्रमबाट लाभग्राहीहरुको संख्या कति रहेको छ? उक्त कार्यक्रमबाट के कति घरधनीलाई आवास इकाईहरु उपलब्ध गराइयो? भौतिक पुर्वाधार विकास मन्त्रालयबाट सो सम्बन्धी विवरण अविलम्व माग गर्ने निर्णय गरियो ।

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहतका निकायबाट प्रादेशिक पर्यटन गुरुयोजना बनाउने, खानी अन्वेषण तथा व्यवस्थापन सम्बन्धी सम्भाव्यता अध्ययन, प्रदेशमा रहेका सिमसार क्षेत्रको पहिचान र संरक्षण सम्बन्धी रणनीतिक योजना तर्जुमा, प्रादेशिक पर्यटन करिडर विकासको रणनीतिक योजना सम्बन्धमा के कति कार्य भएको छ? उक्त कार्यका लागि तहाँबाट के कति रकम हालसम्म खर्च भएको छ? सरकारको बजेट खर्च पश्चात उपलब्धी के भयो? सो सम्बन्धी पुर्ण विवरण र प्रादेशिक पर्यटन गुरुयोजना, खानी अन्वेषण तथा व्यवस्थापन सम्बन्धी सम्भाव्यता अध्ययन, प्रदेशमा रहेका सिमसार क्षेत्रको पहिचान र संरक्षण सम्बन्धी रणनीतिक योजना, प्रादेशिक पर्यटन करिडर विकासको रणनीतिक योजना समेतका काजगातहरु समितिलाई उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

४. बैठकमा भौतिक पुर्वाधारको क्षेत्रसँग सम्बन्धित विभिन्न सवालहरु उपर माननीय सदस्यज्यूहरुबाट गम्भिर प्रश्नहरु र मन्त्रालयको कामकारवाही प्रति तिव्र असन्तुष्टि उत्पन्न भएको विषय विशेष रुपमा उठान भएकोले तत्सम्बन्धमा छलफल गरी समितिको आधिकारिक धारणा समितिको अर्को बैठकमा तय गरिने निर्णय गरियो ।

५. समितिको आजको बैठक अर्को सुचना प्रकाशन नभएसम्मका लागि स्थगित भयो